# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आश्विन २ गते २०१८ साल

### नेपाल लोक सेवा आयोगको विज्ञापन

निम्नलिखित विभाग अड्डाहरूलाई निम्न लेखिए बमोजिमका पदहरू चाहिएका छन्। योग्य नेपाली उम्मेदवारहरूले यस आयोगको दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी निम्नलिखित दरखास्त दस्तूर सहित निम्न लिखित मितिसम्ममा यस आयोगमा आईपुग्ने गरी दरखास्त पठाउन वा बुझाउनु पर्छ। दरखास्त दिंदा आफूले पाएको शुरूदेखिको सक्कल प्रमाणपत्रहरूको नक्कल र मार्कशिटको नक्कल एवं नागरिकताको प्रमाण पत्र समेत सबै शामेल राखी पेश गर्नु पर्छ। पेश गरेका प्रमाणपत्रहरूको सक्कलप्रति अन्तर्वार्ताको दिन साथै लिई आउनु पर्छ। योग्य उम्मेदवारहरूले दरखास्त पेश गरी निम्नलिखित मितिमा यस आयोगसंग सम्पर्क राख्नु पर्छ। सम्पर्कका दिन उम्मेदवारहरूले यस आयोगसंग सम्पर्क नराखेमा परीक्षा वा अन्तर्वार्ताको निमित्त अर्को सूचना गरिने छैन।

दरखास्तको म्यादको आखिरी दिनमा धेरै दरखास्त दिनेहरू जम्मा भई सबैलाई असुविधा हुने हुंदा समयमा नै दरखास्त पठाउन सूचना गरिन्छ। साधारणतया उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, दरखास्त दस्तूर नभएको र म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै विचार हुने छैन। वहालवाला कर्मचारीहरूले दरखास्त दिंदा दरखास्त दस्तूर सहित विभागीय प्रमुख (विभागीय प्रमुख नभए अड्डा प्रमुख) को सिफारिश पेश गर्नु पर्छ।



229

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दरखास्तफारामको नमूना प्रत्येक हुलाक, गढी, गौंडा तथा गोस्वाराहरूमा पनि पाइनेछ। एक फारामको निमित्त ने. रू. ।१० पैसा मोल तिरी सोझै यस आयोगबाट चाहिए जति झिकाए पनि हुन्छ। दरखास्त फाराम झिकाउंदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ।

## विज्ञापन नं. ३

१. पद र स्थान : बिजुली विभागलाई एकजना असिष्टेन्ट इञ्जिनियर, गजेटेड तृतीय श्रेणी (प्राविधिक), स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता : बी. ई. ई.

३. वाँछनीय योग्यता : स्पेशल विषयमा स्वीचगेयर प्रोटेक्सन भएकोलाई विशेष ग्राह्यता दिइनेछ।

४. मासिक तलवको स्केल : तलव ने. रू. ३५०। देखि ६२५। सम्म ।

५. फी दस्तूर : नगद ने. रू. ३। तीन रूपैयाँ

६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति : २०१८।५।१८।१

७. सम्पर्क मिति : २०१८।५।२०।३ का दिन ४ बजे।

८. काम : डिजाइन, कन्स्ट्रक्सन १ वर्षको काम गर्ने।

९. उमेर : उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनु पर्छ।

## विज्ञापन नं. ४

१. पद र स्थान : भाषानुवाद परिषद् अड्डालाई एकजना सहायक पंडित, ननगजेटेड तृतीय श्रेणी (प्राविधिक) स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता : संस्कृत व्याकरणमा सम्पूर्ण मध्यमा र ने. भा. प्र. समितिको व्याकरण अनुसार शुद्धा शुद्धिको ज्ञान ।

३. वांछनीय योग्यता : एस. एल. सी. पासभएकोलाई विशेषग्राह्यता दिइनेछ।

४. मासिक तलवको स्केल : तलव ने. रू. ८०। देखि १५०। सम्म ।

५. दरखास्त आयोगमा आइ पुग्नु पर्ने मिति : २०१८।५।१८।१

६. सम्पर्क मिति : २०१८।५।२३।६ का दिन ४ बजे।

७. फी दस्तूर: नगद ने. रू. १। एक रूपैयां।

८. अभ्यास अवधि: ६ महीना।

९. काम : प्रुफ संशोधन र पुस्तक संशोधन गर्ने।

१०. उमेर : उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनु पर्छ।

## विज्ञापन नं. ५

१. पद र स्थान : रेडियो नेपाललाई १ जना उद्घोषक, ननगजेटेड तृतीयश्रेणी स्थायी तथा पेन्सन पाइने ।

५९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. आवश्यक न्यूनतम योग्यता : अंग्रेजीमा दशम श्रेणीसम्म स्कल पाठशालामा पढी प्रमाण पत्र भएको ।

३. वांछनीय योग्यता : माइक अनूकूल स्वर भएको र राम्रो संग उदघोषण गर्न सक्नेलाई विषेश ग्राहृयता दिइने छ ।

४. मासिक तलव : तलव ने रू. ७५। देखि १२५। सम्म ।

५. फी दस्तूर : नगद ने. रू. १। एक रूपैयां ।

६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति : २०१८।६।१२।५

७. सम्पर्क मिति : २०१८।६।२०।६ का दिन ४ बजे ।

८. काम : सूचना, लेख, आदि रेडियोबाट प्रसार गर्ने ।

९. उमेर : उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनु पर्छ ।

## विज्ञापन नं. ६

१. पद र स्थान : रेडियो नेपाललाई १ जना उद्घोषक ननग्याजेटेड, प्रथम श्रेणी स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता : एस. एल. सी. ।

३. वाँछनीय योग्यता : माइक अनुकूल स्वर भएको र राम्रोसंग उद्घोषण गर्न सक्नेलाई विशेष ग्राहृयता दिइनेछ ।

४. मासिक तलब :– तलब ने. रू. १७५। देखि ३०० । सम्म ।

५. फी दस्तूरः– नगद ने.रु. १।५० एक रुपैयाँ पचास पैसा ।

६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः– २०१८।६।१२।५.

७. सम्पर्क मितिः– २०१८।६।२०।६ का दिन ४ बजे

८. काम : सूचना, लेख आदि रेडियोबाट प्रसार गर्ने ।

९. उमेरः– उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनुपर्छ ।

## विज्ञापन नं. ७

१. पद र स्थान : मोहन आकाशवाणी सिंहदरवारलाई एकजना अप्रेटर, ननगजेटड तृतीय श्रेणी, (प्राविधिक) स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता : आकाश वाणी चलाउने काममा तीन चार वर्षको अनुभव-पाई प्रमाणपत्र पाएको हुनु पर्छ ।

३. वांछनीय योग्यता : अंग्रेजी लेखपढ गर्न जान्नेलाई ग्राह्यता दिइने ।

४. मासिक तलवको स्केल : तलव ने.रू. ८०। देखि १५०। सम्म ।

५. दरखास्त दस्तूर : नगद ने. रू. १। एक रूपैयां ।

६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति : २०१८।५।१५।५

५५३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. सम्पर्क मिति : २०१८।५।१६।२

८. उमेर : उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनु पर्छ ।

## विज्ञापन नं. ८

१. पद र स्थान : श्री जिल्ला प्रमुख रिघिबाट आयुर्वेदीय औषधालयलाई एक जना उपवैद्य, ननगजेटड चतुर्थश्रेणी, (प्राविधिक) स्थायी तथा पेन्सन पाइने

२. आवश्यक न्यूनतम योग्यता : सरकारबाट स्वीकृत आयुर्वेदविद्यालयमा पढी आयुर्वेद मध्यमा वा उपवैद्य वा सो सरह सम्मको पासवाला

३. वाञ्छनीय योग्यता: सरकारी छात्रवृत्तिबाट पास भएकालाई ग्राह्यता दिइनेछ ।

४. मासिक तलबको स्केल : तलब ने.रू. ६०। देखि १०५।सम्म ।

५. दरखास्त दस्तूरः– नगद ने.रू. १। एक रूपैयां ।

६. दरखास्त आयोगमा आइ पुग्नु पर्ने मिति : २०१८।५।१८।१ का दिन ३ बजे ।

७. सम्पर्क मिति : २०१८।५।२२।५ का दिन ३ बजे ।

८. काम : चिकित्सा र औषधालय तर्फ परिआएको काम ।

९. उमेर : उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## नेपाल लोकसेवा आयोगको विज्ञापन नं. ९

श्री ५ को सरकार, गृहमन्त्रालय, पुलिस विभागलाई स्पेशल पुलिस तालीममा उत्तीर्ण भए पछि मात्र भर्ना हुने २० बीश सब इन्सपेक्टर पदका निमित्त भारतमा तालीम लिन उम्मेदवारहरू चाहिएका छन् । योग्य नेपाली उम्मेदवारहरूले यस आयोगको दरखास्त फाराम नं. १(२०१०) मा आफ्नो विवरण स्पष्ट भरी निम्नलिखित दरखास्त दस्तूरसहित निम्नलिखित मितिसम्ममा यस आयोगमा आइपुग्ने गरी दरखास्त पठाउनु वा बुझाउनु पर्छ । दरखास्त दिंदा आफूले पाएको शुरूदेखिको सक्कल प्रमाण पत्रहरूको नक्कल र मार्कशीटको नक्कलहरू एवं नागरिकताको प्रमाणपत्रसमेत सबै शामेल राखी पेश गर्नुपर्छ । पेश गरेका प्रमाणपत्रहरूको सक्कल प्रति अन्तर्वार्ताको दिन साथै लिई आउनुपर्छ । योग्य उम्मेदवारहरूले दरखास्त पेश गरी निम्नलिखित मितिमा यस आयोगसंग सम्पर्क राख्नुपर्छ । सम्पर्कका दिन उम्मेदवारहरूले यस आयोगसंग सम्पर्क नराखेमा परीक्षामा वा अन्तर्वार्ताको निमित्त अर्को सूचना गरिने छैन ।

दरखास्तको म्यादको आखिरी दिनमा धेरै दरखास्त दिनेहरू जम्मा भई सबैलाई असुविधा हुने हुँदा समयमा नै दरखास्त पठाउन सूचना गरिन्छ । साधारणतया उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, दरखास्त दस्तूर नभएको र

५५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै कारवाइ हुनेछैन। बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा दरखास्त दस्तूरसहित विभागीय प्रमुख (विभागीय प्रमुख टाढा भए अड्डा प्रमुख) को सिफारिश पेश गर्नुपर्छ

दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गढी, गौंडा, तथा गोस्वाराहरूमा पनि पाइने छ। एक फारामको निमित्त ने. रु. ।१० पैसा मोल तिरी सोझै यस आयोगबाट चाहिएजति झिकाए पनि हुन्छ। दरखास्त फाराम झिकाउँदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ।

विवरणः

१. पदः र स्थान : सब-इन्सपेक्टर, नन्‌गजेटेड् स्थायी तथा पेन्सन पाइने।
२. आवश्यक न्यूनतम योग्यताः आइ. एस्सी. वा आइ. कम. पास।
३. मासिक तलबको स्केलः तलव ने. रू. १२५। देखि २००। सम्म।
४. विशेष सुविधा : महंगी भत्ता मासिक ने. रू. १५।, सवारी भत्ता ने. रू. १०। र लुगा भत्ता ने. रू. ५। पाइने।
५. दरखास्त दस्तूरः नगद ने.रु. १। एक रुपैयां।
६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः २०१८।५।२।६.
७. सम्पर्क मितिः २०१८।५।५।२ का दिन ४ बजे।
८. अभ्यास अवधिः १ वर्ष ।
९. उमेरः पुलिस नियमावली २०१५ बमोजिम उम्मेदवारहरूको उमेर २०१८ साल बैशाख १ गते १८ वर्ष पूरा भएको तथा २४ वर्ष ननाघेको हुनुपर्छ ।
१०. शारीरिक उपयुक्तताः (क) उचाई पांच फीट दुइ इञ्च।
(ख) छाती फुलाउंदा ३४ इञ्च नफुलाउंदा ३२ इञ्च।
(ग) आंखा चश्मा नलगाई नर्मल।
(घ) शारीरिक योग्यता सरकारी मेडिकल अफिसरले योग्य ठहराएको ।

आज्ञाले,
विनोदप्रसाद धिताल,
सचिव, लोकसेवा आयोग।

## विज्ञापन नं. १०

१. पद र स्थान : वीर अस्पताल विकास समितिलाई १ जना हस्पिटल स्टोर सप्लाई अफिसर, ननगजेटेड द्वितीय श्रेणी।

२२२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. आवश्यक न्यूनतम योग्यता: ऐन स्रेस्ता लिई एस. एल. सी. पास र आइ. कम. सम्म पढेको ।
३. वांछनीय योग्यता : स्टोर कीपर भई औषधी विषय समेत केही ज्ञान भएकोलाई ग्राह्यता दिने ।
४. मासिक तलव स्केल: ने. रू. १२०। देखि २००। सम्म ।
५. फी दस्तूर : नगद ने. रू. १। एक रूपैयां ।
६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति : २०१८।५।२१।४
७. सम्पर्क मिति : २०१८।५।२६।२ का दिन ४ बजे
८. अभ्यास अवधिः ६ महीना ।
९. उमेर : उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको तथा ३५ वर्ष ननाघेको हुनु पर्छ ।

## विज्ञापन नं. ११

१. पद र स्थान: वीर अस्पताललाई एउटा प्रोक्योमण्ट अफिसर, ननगजेटेड प्रथम श्रेणी ।
२. आवश्यक न्यूनतम योग्यता : एस एल. सी. मा ऐन सुस्ता लिइ आई. कम. पास ।
३. वांछनीय योग्यता : आधुनिक तरीकाबाट हिसाव खाता राख्न जान्नेलाई ग्राह्यता दिइनेछ।
४. मासिक तलव स्केल: ने. रू. १७५। देखि ३०० सम्म ।
५. फी दस्तूर : नगद ने. रू. १।५० एक रूपैयाँ पचासपैसा ।
६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति: २०१८।५।२१।४
७. सम्पर्क मिति : २०१८।५।२६।२ का दिन ४ बजे ।
८. अभ्यास अवधि : ६ महीना ।
९. उमेर: उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको तथा ३५ वर्ष ननाघेको हुनु पर्छ ।

## विज्ञापन नं. १२

१. पद र स्थान : वीर अस्पताललाई एकजना सिनियर एकाउण्टेण्ट, ग्याजेटेड तृतीय श्रेणी
२. आवश्यक न्यूनतम योग्यता : बी. कम. पास ।
३. वांछनीय योग्यता : एकाउण्टेण्ट अडिटको काम गरी अनुभव हासिल गरेकोलाई ग्राह्यता दिइने छ ।
४. मासिक तलव स्केल : ने. रू. २७५। देखि ४८०। सम्म ।
५. फी दस्तूर : नगद ने. रू. ३। तीन रूपैयां ।
६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति : २०१८।५।२१।४
७. सम्पर्क मिति : २०१८।५।२६ का दिन ४ बजे ।

५७६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. अभ्यास अवधि ६ महीना।

९. उमेर : उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको तथा ३५ वर्ष ननाघेको हुनु पर्छ।

आज्ञाले
विनोदप्रसाद धिताल
सचिव
लोक सेवा आयोग

गोरखापत्र छापाखानामा मुद्रित

५५८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।